यहि मिति २०८१ कार्तिक महिनाको ०७ गते बसेको कार्यपालिका बैठकको निर्णयहरु:

निर्णय नं. १

यस गाउँपालिकाको अघिल्लो कार्यपालिका बैठकले पारित गरेका निर्णयहरुको कार्यान्वयन अवस्था, २०८१ साल असोज १० देखि १२ गतेसम्म परेको अविरल वर्षाका कारण यस गाउँपालिकाभित्र भएको क्षतिको विवरण संकलन बारे छलफल र समीक्षा गरियो ।

निर्णय नं. २

यस गाउँपालिकाको आ. व. २०८१।०८२ को स्वीकृत कार्यक्रम अन्तर्गत सरकारी तथा गैरसरकी संस्थासँग साझेदारी कार्यक्रम शीर्षकबाट व्यहोर्ने(खर्च हुने) गरी नमटार देउराली झोलुङ्गे पुल र फोक्सिङ्टार खेपुवा जोड्ने बनखु खोला झोलुङ्गे पुल निर्माणको लागि झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम निर्देशिका २०६६ बमोजिम कूल लागतको १३% ले हुन आउने रकम रु १४,२२,२६९।– बजेट विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

२०८१ साल असोज १० देखि १२ गतेसम्म परेको अविरल वर्षाका कारण यस गाउँपालिकाभित्रको क्षति भएको शाखा सडकहरुको मर्मत कार्य यथाशीघ्र गरी सडक सुचारु गर्ने निर्णय गरियो ।

......................

कान्छामान जिम्वा

प्रवक्ता

CamScanner